


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज २८ गते बुधबार ❑ 14 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## प्रदेशका अधिकार र समस्या संघको प्राथमिकतामा कहिल्यै परेनन् : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संविधानमा उल्लेख गरिएका अधिकार र जिम्मेवारी बाँडफाँटमा संघ सरकार उदासीन रहने र अहिलेकै अवस्था कायम रहने हो भने संघीयताका बारेमा सोच्नुपर्ने बताएका छन् ।

कोशी प्रदेशको आयोजनामा विराटनगरमा मंगलबारदेखि सुरु भएको अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनको उद्घाटनका क्रममा उनले प्रदेशका साझा समस्या समाधानका लागि चार वर्षदेखि विभिन्न विषय उठाउँदै आए पनि प्रदेशका समस्या संघ सरकारको प्राथमिकतामा नपरेको बताए ।



संघीयता कार्यान्वयनका चुनौती, प्रदेशका अधिकार र संघ सरकारको जिम्मेवारीका विषयमा हरेक पटक प्रधानमन्त्रीसँग बारम्बार ध्यानाकर्षण गराउँदा पनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको उनको गुनासो थियो । हालका प्रधानमन्त्री बालेन्द्र शाहलाई पनि आफूले संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका समस्याबारे ध्यानाकर्षण गराएको उनले बताए । संविधानले प्रदेशलाई दिएका अधिकार कार्यान्वयन नहुँदा र संघीय कानुन तथा नीतिगत जटिलताका कारण प्रदेशले बनाएका कानुनसमेत कार्यान्वयन गर्न समस्या भइरहेको मुख्यमन्त्री पाण्डेले बताए । प्रदेशले नागरिकको आवश्यकता र प्रदेशको सम्भावनालाई ध्यानमा राखेर कानुन तथा नीति निर्माण गरे पनि संघीय कानुनसँगको असामञ्जस्य र अधिकारको अस्पष्टताका कारण कार्यान्वयनमा कठिनाइ भइरहेको उनको भनाइ थियो। संविधानले दिएका अधिकार प्रदेशमा हस्तान्तरण गर्न, आवश्यक संघीय कानुन निर्माण गर्न र वित्तीय संघीयतालाई प्रभावकारी बनाउन संघ सरकार गम्भीर हुनुपर्ने उनले बताए । उनले गण्डकी प्रदेशले घरेलु मदिराको ब्रान्डिङ र बजारीकरणलाई व्यवस्थित गर्न कानुनी व्यवस्था गरे पनि संघ सरकारको अन्तःशुल्कसम्बन्धी कानुनी प्रावधानका कारण त्यसको प्रभावकारी कार्यान्वयनमा समस्या रहेको विषय उठाए ।

त्यस्तै, औषधिजन्य तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीसम्बन्धी कानुन कार्यान्वयनमा संघीय कानुनी व्यवस्था बाधक बनेको उल्लेख गर्दै यसका लागि आवश्यक कानुनी सहजीकरण गर्नुपर्नेमा उनले जोड दिए । प्रदेशलाई आवश्यक अधिकार र स्रोतसाधन उपलब्ध नगराउने तर अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै आलोचना गर्ने प्रवृत्तिले संघीयताको मर्मअनुसार काम गर्न कठिन बनाएको मुख्यमन्त्री पाण्डेले उल्लेख गरे। 'हातखुट्टा बाँध्ने, अनि दौडन सकेन भन्ने' उनले भने । तीनवटै तहका सरकारको प्रशासनिक खर्चमध्ये सबैभन्दा कम प्रदेशको रहेको बताउँदै उनले तीनवटा सरकारहरु मध्ये प्रदेशले पाँच प्रतिशतभन्दा कम प्रशासनिक खर्च गर्ने गरेको उल्लेख गर्दै तथ्यमा भन्दा पनि भ्रमका आधारमा प्रश्न उठाउने प्रवृत्ति रहेको बताए । यस्तो प्रवृत्तिलाई प्रदेशहरूले कामबाटै चिर्नुपर्ने उनको भनाइ थियो । प्रदेशलाई संविधानअनुसार अधिकार, स्रोतसाधन र कानुनी आधार उपलब्ध गराउने हो भने नागरिकलाई सेवा प्रवाह गर्न र विकास निर्माणका कामलाई प्रभावकारी बनाउन सहज हुने उनले बताए । यसअघि दोस्रो कार्यकालमा २०८० असार १५ गते गण्डकी प्रदेशका मुख्यमन्त्री पाण्डेको नेतृत्वमा पोखरामा पहिलो अन्तरप्रदेश मुख्यमन्त्री बैठक बसेको थियो । त्यसको भोलिपल्ट तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा राष्ट्रिय समन्वय परिषद्को बैठकसमेत आयोजना गरिएको थियो।उक्तअवसरमामुख्यमन्त्रीहरूले प्रधानमन्त्रीकै उपस्थितिमा प्रदेशका समस्या, चुनौती र गुनासा प्रस्तुत गरेका थिए । पोखरामा सम्पन्न अन्तरप्रदेश मुख्यमन्त्री बैठकले १७ बुँदे साझा पत्र तयार गरी तत्कालीन प्रधानमन्त्रीसमक्ष पेस गरेको थियो । त्यसैगरी, २०८० पुस १३ गते बागमती प्रदेशको राजधानी हेटौँडामा बसेको अन्तरप्रदेश मुख्यमन्त्री बैठकले नौ बुँदे साझा पत्र तयार गरी संघ सरकारसमक्ष प्रस्तुत गरेको थियो । यसअघिका बैठकले गरेका कुनै पनि निर्णय पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको बताउँदै उनले प्रदेश सरकारहरूका साझा समस्याबारे संघ सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । प्रदेश सरकारलाई संविधानप्रदत्त अधिकार, आवश्यक कानुनी आधार र पर्याप्त स्रोतसाधन उपलब्ध गराउँदै तीनै तहका सरकारबीच समन्वय र सहकार्य प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै मुख्यमन्त्री पाण्डेले संघीयताको मर्मअनुसार प्रदेश सरकारलाई सक्षम बनाउनु आवश्यक रहेको बताए ।

## गण्डकीमा बजेटको लैंगिक दायरा साँघुरिँदै, संसद्भित्रै विभेदको गुनासो

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

गण्डकी प्रदेशमा लैंगिक उत्तरदायी बजेटको प्रभावकारिता प्रत्येक वर्ष घट्दै गएको छ । प्रदेश सरकारले ल्याउने नीति, योजना र सार्वजनिक खर्चमा लैंगिक समावेशी बजेटको प्रत्यक्ष लाभको अनुपात सुरुवाती वर्षहरूको दाँजोमा आधाभन्दा बढीले तल झरेको छ । यस विषयले सार्वजनिक रूपमा नै गम्भीर प्रश्न जन्माएको छ ।

संसदीय पत्रकार मञ्च गण्डकीले युएनडिपी संसद सहयोग परियोजनाको सहकार्यमा मंगलबार पोखरामा गरेको सार्वजनिक सुनुवाइमा बजेटको वर्तमान अवस्था, संसद्भित्र सांसदहरूबीच हुने गरेको विभेद र कार्यान्वयनका चुनौतीहरूमाथि गहन समीक्षा गरिएको छ ।




कार्यक्रममा पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीले बजेट निर्माणको कोडिङमा त्रुटि देखिएको र प्रत्यक्ष लाभको प्रतिशत घट्नु चिन्ताको विषय रहेको बताए । उनले भने, 'सुरुको वर्षहरूमा ६० देखि ६५ प्रतिशतसम्म प्रत्यक्ष लाभ लैंगिक उत्तरदायी बजेट भनेर आएकोमा पछिल्लो तीन आर्थिक वर्षमा त्यो घटेर ३० देखि ३४ प्रतिशतमा सीमित भएको छ ।' उनले बजेटलाई प्रभावकारी बनाउन अनुसन्धानमा आधारित भएर मात्र बजेट निर्माण गर्नुपर्नेमा जोड दिए। बजेट विनियोजनमा हुने विभेद र लैंगिक उत्तरदायी बजेटको घट्दो अनुपातलाई लिएर सामाजिक विकास तथा कृषि समितिका सभापति दमयन्ती रुचालले पनि चिन्ता व्यक्त गरिन् । प्रदेश सभाका प्रत्यक्ष र समानुपातिक सांसदबीच बजेट वितरणमा नै विभेद हुने गरेको उनले स्वीकार गरिन् । उनले भनिन्, 'मुख्यमन्त्रीको निर्वाचन क्षेत्रमा डेढ दुई अर्ब बजेट जान्छ भने समानुपातिक सांसदको हकमा २ देखि ३ करोडसम्म मात्रै हुन्छ, यो सिधै विभेद होइन त ?' सांसदहरूबीच नै बजेटमा विभेद भइरहँदा लैंगिक उत्तरदायी बजेटको अनुपातसमेत घट्नुलाई गम्भीर रूपमा लिएको उनको भनाइ थियो । उनले यो छलफलमा उठेका सबै सवाललाई प्रदेश सभाको बैठक र विषयगत समितिमा उठाउने प्रतिबद्धता जनाइन् । समितिले मन्त्रालयहरूसँग लैंगिक उत्तरदायी बजेटको प्रगति विवरण माग्नुका साथै चाडपर्व लगत्तै बैठक बसेर कडाइका साथ अनुगमन तथा निर्देशन दिने उनले बताइन् ।

कार्यक्रममा प्रदेश सभा सदस्य नन्दकला नेपालीले संसद् र सरकारलाई बलियो बनाउन सरोकारवालाहरू सशक्त हुनुपर्ने बताइन् । संसद्मा नीति तथा कार्यक्रम निर्माणदेखि दफावार छलफलसम्म महिला, दलित, अपांगता र सीमान्तकृत समुदायको पक्षमा आफूहरूले निरन्तर आवाज उठाइरहेको उनले स्पष्ट पारिन् । उनले भनिन्, 'संसदमा यिनीहरू त अब उठेपछि यही विषय बोल्ने त होला नि भन्ने सोचेका होला नि भन्ने पनि हामी रोष्टममा उभिएर महसुस गरेका हुन्छौँ ।' बाढीपीडित, दलित महिला र एकल महिलाहरूले कोठा पाउन कठिन हुने समस्या तथा उनीहरूले प्रजनन स्वास्थ्यमा भोगिरहेको पीडाप्रति सरकार गम्भीर हुनुपर्ने उनको भनाइ थियो ।

मानव अधिकारका लागि एकल महिला समूह गण्डकीकी अध्यक्ष जुना केसीले नजिकको सरकार आएपछि बजेट अझ बढी लैंगिक उत्तरदायी हुनुपर्नेमा त्यसो हुन नसकेको बताइन् । दलित महिला संघकी तनुजा परियारले प्रदेश सरकारले दलित महिला र एकल महिलाका लागि बजेट छुट्

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गृहमन्त्री गुरुङ र भारतीय समकक्षीबीच भेटवार्ता

**रासस**
काठमाडौँ, २७ असोज

गृहमन्त्री सुधन गुरुङ र भारतीय गृहमन्त्री अमित शाहबीच द्विपक्षीय भेटवार्ता भएको छ ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) गृहमन्त्रीस्तरीय प्रथम बैठकमा सहभागी हुन भारतको नयाँ दिल्ली पुग्नुभएका गृहमन्त्री गुरुङ र भारतीय समकक्षीबीच मंगलबार भेटवार्ता भएको हो । भेटवार्तामा उहाँहरूबीच दुई देशका साझा




सुरक्षा चासोका विषयमा समन्वय र सहकार्य सुदृढ गर्ने बारेमा विचार विमर्श भएको गृह मन्त्रालयले जनाएको छ । भेटमा गृहमन्त्री गुरुङले नेपाली उद्योगी तथा व्यवसायीले भारतीय बजारमा पहुँचका सम्बन्धमा भोग्दै आएका प्राविधिक समस्या (विशेषगरी बिआइएस प्रमाणीकरणलगायत) समस्या समाधानमा चासो राख्नुभएको थियो । नेपालको चासोप्रति भारतीय समकक्षीबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको मन्त्रालयले जनाएको छ। गृहमन्त्री गुरुङ बिम्स्टेक गृहमन्त्रीस्तरीय प्रथम बैठकमा सहभागी हुन सोमबार नयाँ दिल्ली प्रस्थान गर्नुभएको थियो ।

## बाढीले क्षति पुऱ्याएको प्राकृतिक उपचार स्थल सिङ्गा तातोपानी कुण्डमा पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ असोज

म्याग्दी नदीमा गएको बाढीले क्षति पुऱ्याएको बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक उपचार स्थल सिङ्गा तातोपानी कुण्ड पुनःनिर्माण भएको छ ।

यही असोज ८ देखि ११ गतेसम्मको झरिपछि म्याग्दी नदीको किनारमा रहेको तातोपानीको कुण्डहरूमा क्षति पुगेको थियो । मुख्य पोखरी र परिसरमा थुप्रिएको हिलो, बालुवा र गेग्रान श्रमदान अभियानमार्फत पन्छाएर पुनःनिर्माण गरिएको सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष कृष्ण खड्काले बताउनुभयो ।

"सिङ्गाका विभिन्न टोल, युवा क्लब, आमा समूह र दाताको सहयोगमा १६ दिनमा कुण्डको पुनःनिर्माण गरेर बुधबारदेखि स्नानका लागि खुला गर्न लागेका छौँ", उहाँले भन्नुभयो, "स्थानीयवासी र सङ्घसंस्था तथा श्रमदाताको सहयोगमा छिट्टै कुण्ड सञ्चालन गर्ने अवस्था आएको हो ।" तीन वटा पोखरीमध्ये बिरामीले उपचारका लागि डुब्ने ठूलो र उपल्लो तातोपानीको पोखरीमा बाढी पसेर हिलो थुप्रिएको छ भने पर्यटकका सञ्चालित सानो पोखरी बाढीले भत्काएको थियो । कपडा परिवर्तन गर्ने भवन, तातोपानी भण्डारण गर्ने ट्याङ्की राखेका भवन र खुला स्नानस्थल माथिबाट खसेको पहिरोले भत्किएको र पुरिएको थियो ।

श्रमदान गरेर पोखरीमा थुप्रिएको लेदो र हिलो पन्छाइएको हो । असोज-कात्तिक सिङ्गा तातोपानी कुण्ड स्नान गर्ने मुख्ययाम हो। वार्षिक २० हजार जनाभन्दा बढी नेपालका ७७ वटै जिल्ला र विदेशबाट समेत सर्वसाधारण प्राकृतिक उपचारका लागि आउने गरेका छन् । म्याग्दी नदीको किनारमा प्राकृतिक रुपमा बिरेनुनको गन्ध आउने ५० डिग्री सेल्सीयस तापक्रममा निस्कने तातोपानीलाई सङ्कलन गरेको पोखरीमा स्नान थिए । सिङ्गा तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीका अनुसार बिरेनुनको गन्ध आउने पानी सङ्कलन गरिएको पोखरीमा स्नान गरेर छाला, ग्यास्ट्रिक, वाथ, चोटपटक लागेको स्वास्थ्य समस्या निको हुने जनविश्वास छ। असोज-कात्तिक, मङ्सिर, पुष, माघ, फागुन, चैत र वैशाख महिना तातोपानी कुण्डमा स्नान गर्ने याम हो ।



# पोखरा-भरतपुर-लुम्बिनीबीच 'सिल्भर ट्रयाङ्गल' पर्यटन प्रवर्द्धनको पहल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

देशका मुख्य पर्यटकीय गन्तव्य पोखरा, भरतपुर र लुम्बिनीलाई समेटेर 'सिल्भर ट्रयाङ्गल' अवधारणामा पर्यटन प्रवर्द्धननको साझा पहल अगाडि बढाइएको छ।

पर्यटन प्रवर्द्धनन, पर्यटन विकास, असल अभ्यास आदान-प्रदान तथा आपसी सहकार्यका लागि कास्कीको पोखरा महानगरपालिका, चितवनको भरतपुर महानगरपालिका र रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाबीच विगतमा भएको समझदारी कार्यान्वयनका लागि तीनवटै स्थानीय तहले अग्रसरतालिएकाहुन्।सोहीअन्तर्गत भरतपुर महानगरपालिकाले सोमबार भरतपुरमा सरोकार भएका पक्षहरूबीच 'सिल्भर ट्रयाङ्गल' पर्यटन प्रवर्द्धननका लागि अन्तरक्रिया कार्यक्रम गरी सुझाव सङ्कलन तथा आगामी कार्ययोजनाबारे छलफल गरेको हो। तीनै स्थानीय तहका प्रमुखसहित जनप्रतिनिधि, प्रशासक, निजी क्षेत्रका अगुवा, पर्यटन व्यवसायीलगायतले धार्मिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण रहेका तीनै गन्तव्यको पर्यटन प्रवर्द्धनन र विकासमा साझा प्रतिबद्धता जनाएका हुन्। अन्तरक्रिया कार्यक्रममा जिल्ला समन्वय समिति, चितवनका प्रमुख नारायणप्रसाद अधिकारीले पोखरालाई साहसिकता, भरतपुरलाई प्रकृति र लुम्बिनीलाई संस्कृतिसँग जोडेर पर्यटन प्रवर्द्धनन गर्नुपर्ने बताउनुभयो। पर्यटकीय पूर्वाधार निर्माणसँगै सरसफाइ र वातावरणीय स्वच्छतालाई पनि ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले पर्यटनका माध्यमबाट तीनै सहरको अर्थतन्त्रलाई समृद्ध बनाउन 'सिल्भर ट्रयाङ्गल'को अवधारणा ल्याउएको बताउनुभयो। उहाँले गत जेठमा तीन स्थानीय तहबीच भएको समझदारीअनुसार महानगरको नीति, योजना तथा कार्यक्रममा उक्त प्रवर्द्धननात्मक कार्यक्रमलाई समेटिएको बताउनुभयो। "अब व्यवसायदेखि व्यवसाय (बिटुबी) र सरकारदेखि सरकार (जिटुजी) सहकार्यलाई ठोस र मूर्त रूपमा अगाडि बढाउनुपर्छ", प्रमुख आचार्यले भन्नुभयो, "नेपाल भित्रने पर्यटकलाई पोखरा, चितवन र लुम्बिनी एकैसाथ घुम्ने गरी कनेक्टीभिटीदेखि पर्यटकीय सेवासुविधामा विस्तारमा जोड दिनुपर्छ।" लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यवाहक प्रमुख कल्पना हरिजनले पर्यटन विकासका लागि निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गर्नुपर्ने बताउनुभयो।उहाँलेपोखरारगौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल दिगो रूपमा सञ्चालनका लागि सबैले पहल गर्नुपर्ने बताउनुभयो।

पोखरा भ्रमण वर्ष २०२५-२०२६ का संयोजक गोपी भट्टराईले पर्यटन प्रवर्द्धननका लागि निजी क्षेत्र र सरकारबीचको सहकार्यमा जोड दिनुभयो। पछिल्लो समय प्राकृतिक विपद्का कारण पर्यटनमा असर पुगिरहेको बताउँदै नेपाल खुला र सुरक्षित छ भन्ने सन्देश विश्वमाझ दिनुपर्ने उहाँको भनाइ छ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले पर्यटकको बसाई लम्बाउने गरी योजना बनाउनुपर्ने बताउनुभयो। चितवन उद्योग वाणिज्य सङ्घका अध्यक्ष चिरञ्जीवी सुवेदीले तीन स्थानीय तहबीच व्यावसायिक सञ्जाल विस्तार र प्रचारप्रसारमा विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ छ।

नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पर्यटकीय गन्तव्यको डिजिटल मार्केटिङ गर्नुपर्नेमा जोड दिनुभयो। भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले नेपालको पहिचानसँग जोडिएका तीनवटै गन्तव्यको प्रवर्द्धनका लागि सहकार्य र साझेदारी हुनुपर्ने बताउनुभयो। उहाँले छिट्टै 'सिल्भर ट्रयाङ्गल' पर्यटन मेला (ट्राभल मार्ट)को आयोजना गरिने बताउनुभयो। गत जेठ २६ गते भएको तीन स्थानीय तहबीचको समझदारीपत्रमा प्रत्येक वर्ष पालैपालो रूपमा 'सिल्भर ट्रयाङ्गल पर्यटन मेला (ट्राभल मार्ट) आयोजना गर्ने, आवश्यकता अनुसार व्यवसायदेखि-व्यवसाय (बिटुबी)तथासरकारदेखि-सरकार (जिटुजी) बैठक सञ्चालन गर्ने र संयुक्त रूपमा पर्यटन प्रवर्द्धनन तथा बजार विस्तार अभियान सञ्चालन गर्ने उल्लेख छ।

पर्यटन प्रवर्द्धननका लागि संयुक्त ब्रोसर, भिडियो तथा डिजिटल सामग्री उत्पादन र वितरण गर्ने सहमति भएको थियो। डिजिटल सूचना बोर्ड स्थापना गर्ने योजना पनि सम्झौतामा समेटिएको छ। जसअन्तर्गत भरतपुर महानगरपालिकाले कार्यालय परिसरमा राखेको डिजिटल सूचना बोर्डकोसमेत सोमबार शुभारम्भ गरिएको थियो।

उक्त समझदारीपत्रमा पर्यटन व्यवसायी, होटल, ट्राभल एजेन्सी तथा स्थानीय समुदायबीच सहकार्य र सञ्जाल विस्तार गर्ने, सांस्कृतिक, शैक्षिक तथा पर्यटन आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने र पर्यटन प्रवर्द्धननका लागि स्थानीय, प्रदेश तथा सङ्घीय सरकार, नेपाल पर्यटन बोर्ड तथा विकास साझेदार संस्थासँग समन्वय गर्ने विषय पनि समावेश छ। तीनै गन्तव्यलाई समेट्ने गरी एकीकृत पर्यटक प्याकेज विकास गरिने जनाइएको छ।

## गण्डकीमा...

याए पनि त्यो प्रभावकारी रूपमा कार्यान्वयन नभएको गुनासो गरिन्। उनी भन्छिन्, 'दलित महिलाहरू धेरै पछाडि परेको र दोहोरो तेहोरो मारमा परेको महिला हुन्, उनीहरूका लागि बजेट छुटाए पनि त्यो कार्यान्वयन भएको पाटो हामीले देखेका छैनौं।'

पत्रकार महासंघ गण्डकी अध्यक्ष रमेश पौडेलले प्रदेश तहमा बजेट निर्माण प्रक्रिया नै भद्रगोल रहेको भन्दै लैंगिक संवेदनशीलतामाथि ख्याल गर्नै नभ्याएको भनाइ राखे। मानव अधिकारका लागि एकल महिला समूह गण्डकीकी अध्यक्ष विष्णु श्रेष्ठले बजेट विनियोजन गर्दा ग्रासरुट तहका एकल महिलाहरूको रोजगारी, जीविकोपार्जन र क्षमता विकासलाई विशेष ध्यान दिनुपर्ने माग गरिन्। उनी भन्छिन्, 'हामीले जति पनि कार्यक्रम गर्यौं, कार्यक्रमका लागि कार्यक्रम मात्र नगरौं, त्यसबाट लक्षित वर्गले पाउनुपर्ने प्रतिफल शतप्रतिशत हासिल हुनुपर्छ।' कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवालले नागरिकताको पहिचान, महिलाहरूको सुरक्षित बासस्थान र कानुनी प्रक्रियामा देखिएका जटिलता हटाउन संसद्ले कानुन संशोधन गर्नुपर्ने बताएकी छन्। उनले भनिन्, 'महिला बालबालिका कार्यालय बन्द भएर आधा नागरिकको सम्बोधन गर्ने कार्यालय नै नरहेको अवस्थामा हामीले संसद्मा यसको वकालत गर्नुपर्छ।'

द्वन्द्वपीडितको तर्फबाट आफ्ना भनाइ राख्दै दुधराज अधिकारीले द्वन्द्वपीडित महिला, एकल महिला र घाइतेहरूका लागि छुट्टै पहिचानयोग्य बजेट तथा विभिन्न समयमा भएका सम्झौताहरूको पूर्ण कार्यान्वयन माग गरे।

पत्रकार दुर्गा रानामगरले लैंगिक उत्तरदायी बजेट निर्माणका क्रममा कर्मचारी तहमा अझै पनि पर्याप्त ज्ञान र प्राविधिक स्पष्टताको अभाव रहेको औंल्याइन्।

अध्येता भानु पराजुलीले बजेट विनियोजन गर्दा महिला लक्षित कार्यक्रममा मात्र सीमित नभई समग्र विकासका नीतिहरूमा लैंगिक समतालाई जोड्नुपर्ने बताए। दलित महिला संघ गण्डकी अध्यक्ष सुमित्रा गायकले कृषि र उद्यमशीलतामा भूमिहीन तथा सीमान्तकृत महिलाहरू अझै अवसरबाट वञ्चित रहेको बताउँदै उनीहरूको आर्थिक सशक्तीकरणका लागि विशेष क्षमता अभिवृद्धि कार्यक्रम ल्याउनुपर्ने माग गरिन्। त्यस्तै, पृथ्वीनारायण क्याम्पसका प्राध्यापक डा. भीमनाथ बरालले बजेट नीतिमैत्रीभन्दा पनि नेतामैत्री हुने प्रवृत्तिको अन्त्य गर्नुपर्ने बताए। उनले भने, 'हामीले यो जेन्डर अमैत्री भएका इस्युहरूमा धेरै प्याराडाइम सिफ्ट भइसकेको छ, तर बजेट विनियोजन गर्दा नेताको पहुँचका आधारमा हुने प्रवृत्ति अझै छ।' सयपत्री समाज कास्कीका गिरिधारी सुवेदीले बजेटको विनियोजन र कार्यान्वयन तहमा ठूला चुनौतीहरू रहेकाले पूर्वबजेट छलफलमा नै नागरिक समाजको बलियो हस्तक्षेप आवश्यक रहेको औंल्याए।

नेपाल खुला विश्वविद्यालयका प्राध्यापक शुक्रराज सुवेदीले बजेट निर्माणमा लैंगिक उत्तरदायी सूचकहरूको कार्यान्वयन पक्ष शून्यप्रायः रहेको टिप्पणी गरे। उनी भन्छन्, 'तपाईंले यहाँ जतिसुकै नारा लाए पनि इम्प्लिकेसनमा जिरो छ, संसद्मा यस विषयमा सांसदहरू अझ बढी जिम्मेवार बन्नुपर्छ।'

# पोखरामा १५ हजार भेडा-च्याङ्ग्रा तथा ९ हजार खसीबोका भित्रिए, याम्दीमा दशैंको मेला

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज



बडादशैं नजिकिँदै गर्दा पोखरामा हिमाली क्षेत्रका भेडा-च्याङ्ग्रा र खसीबोकाको कारोबार बढेको छ। दशैंलाई लक्षित गरी पोखरा महानगरपालिकाको क्षेत्रमा १५ हजार भेडा-च्याङ्ग्रा र ९ हजार खसीबोका भित्रिएका छन्।

पशुचौपायाको बिक्रीका लागि पोखराको याम्दी क्षेत्रमा अस्थायी खोर बनाएर कारोबार सुरु भएसँगै बजारमा दशैंको चहलपहल बढेको हो।

पोखरा महानगरपालिकाका पशु चिकित्सक नवराज अधिकारीका अनुसार दशैं लक्षित गरी पोखरामा भेडा, च्याङ्ग्रा र खसीबोका गरी करिब २४ हजार पशु भित्रिएका छन्। हिमाली जिल्लाबाट आएका भेडा-च्याङ्ग्रासँगै स्थानीय तथा अन्य क्षेत्रबाट ल्याइएका खसीबोकाको कारोबारसमेत बढेको उहाँले बताउनुभयो।

मुस्ताङबाट मात्रै दशैंका लागि हालसम्म १३ हजार ७ सय १७ वटा भेडा-च्याङ्ग्रा बाहिरिएका छन्। मुस्ताङको भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयका अनुसार मुस्ताङसहित मुगु, जुम्ला र डोल्पाका भेडा-च्याङ्ग्रा पोखरालगायतका बजारमा बिक्रीका लागि पठाइएका हुन्। कार्यालयका डा. लालमणि अर्यालका अनुसार दशैं लक्षित गरी मुस्ताङबाट ११ हजार ६ सय २ च्याङ्ग्रा र २ हजार १ सय १५ भेडा बाहिरिएका छन्। उहाँका अनुसार मुस्ताङका स्थानीय च्याङ्ग्रा तथा भेडासँगै अन्य हिमाली जिल्लाबाट ल्याइएका पशु पनि मुस्ताङ हुँदै बाहिरी बजारमा पठाइएका छन्। विवरण अनुसार मुगुबाट ४० भेडा र २२० च्याङ्ग्रा, जुम्लाबाट ३०० च्याङ्ग्रा तथा डोल्पाबाट २ हजार ६ सय ८० च्याङ्ग्रा र ८ सय ७१ भेडा बाहिरिएका छन्। मुस्ताङबाट ७ हजार ९ सय ६४ च्याङ्ग्रा र १ हजार २ सय ४ भेडा बाहिरिएका छन् भने कोरला नाकाबाट ४ सय ३८ च्याङ्ग्रा मुस्ताङ हुदै बाहिरिएका हुन्।

सडक खुला भएसँगै थप भेडा-च्याङ्ग्रा बाहिरिने सम्भावना रहेको डा. अर्यालले बताउनुभयो। बजारमा पठाउनुअघि पशुको स्वास्थ्य परीक्षणलाई प्राथमिकता दिइएको उहाँको भनाइ छ। पशुको अवस्था हेरेर प्रतिगोटा ५ देखि १० रुपैयाँसम्म स्वास्थ्य परीक्षण शुल्क लिने गरिएको छ। आवश्यक स्वास्थ्य परीक्षण तथा प्रक्रिया पूरा गरेपछि मात्रै पशु बाहिर पठाउने व्यवस्था गरिएको कार्यालयले जनाएको छ।यस वर्ष खाद्य संस्थानले भने मुस्ताङबाट काठमाडौंलगायतका क्षेत्रमा भेडा-च्याङ्ग्रा खरिद गरेर नलगेको डा. अर्यालले जानकारी दिनुभयो।

**याम्दीमा भेडा-च्याङग्राको मेला, रोज्जा च्याङग्रा ४२ हजारसम्म**

पोखराको याम्दी क्षेत्रमा भेडा-च्याङ्ग्रा किन्ने र अवलोकन गर्ने उपभोक्ताको चहलपहल बढेको छ। दशैंमा हिमाली भेडा-च्याङ्ग्राको मासु खाने परम्पराका कारण याम्दी क्षेत्र यस समयमा पशु खरिद-बिक्रीको प्रमुख केन्द्र बन्ने गरेको छ। यस वर्ष मुस्ताङसहित हुम्ला र जुम्लाबाट आएका भेडा-च्याङ्ग्रा तुलनात्मक रूपमा केही सस्तो मूल्यमा पाइने व्यवसायीहरूले बताएका छन्। मुस्ताङका स्थानीय खोरपालुवा भेडा-च्याङ्ग्राको मूल्यसमेत केही घट्दो क्रममा रहेको उनीहरूको भनाइ छ। व्यवसायी चन्द्रबहादुर रोकायका अनुसार याम्दी क्षेत्रमा स्थानीय खोरपालुवा रोज्जा भेडा-च्याङ्ग्रा प्रतिगोटा ३५ हजारदेखि ४२ हजार रुपैयाँसम्ममा बिक्री भइरहेको छ। आकार, तौल र गुणस्तरका आधारमा मूल्य फरक पर्ने उहाँले बताउनुभयो। यस वर्ष रोकायले २२५ वटा भेडा-च्याङ्ग्रा पोखरा ल्याउनुभएको छ। गत वर्ष कारोबारमा करिब ६ लाख रुपैयाँ घाटा व्यहोर्नुपरेको बताउँदै उहाँले यस वर्ष बजार राम्रो हुने र अघिल्लो वर्षको घाटा पूर्ति गर्न सकिने आशा व्यक्त गर्नुभयो। भेडा-च्याङ्ग्रा बिक्रीका लागि याम्दी क्षेत्रमा बनाइएका अस्थायी खोरको व्यवस्थापन भने व्यवसायीका लागि चुनौती बनेको छ। एउटा खोर प्रयोग गरेबापत ३० हजार रुपैयाँ शुल्क तिर्नुपरेको रोकायले बताउनुभयो। महँगो शुल्क तिर्नुपरे पनि शौचालय र पानीजस्ता आधारभूत सुविधाको पर्याप्त व्यवस्था नभएको उहाँको गुनासो छ। पोखरा महानगरपालिकाले दशैंका लागि पोखरा तथा आसपासका क्षेत्रमा ल्याइएका भेडा-च्याङ्ग्राको खरिद-बिक्रीमा कुनै पनि अतिरिक्त कर वा बहाल बिटौरी शुल्क नलगाएको स्पष्ट पारेको छ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले महानगरपालिकामा कर बुझाउनुपर्ने भन्दै केही व्यक्तिले भेडा-च्याङ्ग्राको खरिद-बिक्रीमा अतिरिक्त शुल्क लिने गरेको सुनिएको जनाउँदै त्यस्तो कार्य नगर्न र नगराउन सम्बन्धित सबैलाई आग्रह गर्नुभएको छ। महानगरपालिकाले भेडा-च्याङ्ग्राको मूल्य खुला बजार प्रतिस्पर्धाका आधारमा क्रेता र विक्रेताबीच आपसी सहमतिमा निर्धारण गर्न अनुरोध गरेको छ। अतिरिक्त शुल्कका विषयमा भ्रममा नपर्न र अरूलाई समेत भ्रममा नपार्न उपभोक्ता, व्यापारी तथा सम्बन्धित पक्षलाई महानगरले आग्रह गरेको हो।


## मितव्ययी रूपमा चाडपर्व मनाऔं

◆ चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,

◆ देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,

◆ आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,

◆ खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,

◆ खाना तथा अन्य सामग्री खेर नफालौं,

◆ मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,

◆ चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं।

चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपाललाई सघाउन संयोजक दाहालको अपिल

**रासस**
रसुवा, २७ असोज

नेपाली कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु परिवर्तनको असरबाट जोखिम भोगिरहेको नेपाललाई सघाउन अन्तरराष्ट्रिय समुदायसँग अपिल गर्नुभएको छ।

रसुवा-भोटेकोशी बाढीबाट अतिप्रभावित क्षेत्रको अवस्था निरीक्षण गर्न मंगलबार रसुवाको स्याफ्रुबेंसी पुग्नुभएका उहाँले विश्वव्यापी कार्बन उत्सर्जन र जलवायु परिवर्तनका कारण नेपालले हिमपहिरो तथा बाढीजस्ता विपद्को सामना गर्नुपरेको उल्लेख गर्नुभयो। पूर्वप्रधानमन्त्री दाहालले स्याफ्रुबेंसीको पुल तत्काल पुनर्निर्माण गर्न र रसुवागढीसम्म सडक सञ्जाल विस्तार गर्न सरकारलाई आग्रह गर्नुभयो। उहाँले बाढीबाट भएको अकल्पनीय क्षतिप्रति दुःखसमेत व्यक्त गर्नुभयो।

संयोजक दाहाल जिल्ला समन्वय समितिले आयोजना गरेको सर्वपक्षीय बैठकमा सहभागी हुनुभयो। उहाँले सडक सञ्जाल विस्तार र आवास पुनर्निर्माणलाई अबको मुख्य कामका रूपमा अघि बढाउनुपर्ने बताउनुभयो। आफूले संसद् र सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्दै स्याफ्रुबेंसीमा बेलीब्रिज निर्माण तथा सडक सञ्जाल विस्तारका लागि पहल गर्ने उहाँले बताउनुभयो।

खोज, उद्धार तथा राहतमा खटिएका सुरक्षा निकाय, स्थानीय सरकार र जनप्रतिनिधिलाई उहाँले धन्यवाद दिनुभयो। दाहालले नदी किनारबाट कति दूरीसम्म घर निर्माण गर्न पाइने भन्ने स्पष्ट मापदण्ड तत्काल बनाउन पनि सरकारलाई आग्रह गर्नुभयो।

# कांग्रेस खुला सहमहामन्त्रीमा खतिवडा र शिवाकोटी तथा महिला सहमहामन्त्रीमा गौतम विजयी

**रासस**
काठमाडौं, २७ असोज

नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत सहमहामन्त्री (खुला) पदमा रामहरि खतिवडा र अजयबाबु शिवाकोटी विजयी हुनुभएको छ। कांग्रेस १५औँ महाधिवेशनअन्तर्गत बुधबार सम्पन्न मतगणनामा खतिवडा र शिवाकोटी विजयी हुनुभएको हो। उक्त पदमा नौ जना प्रतिस्पर्धी हुनुहुन्थ्यो।

निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले खतिवडाले दुई हजार ९१० र शिवाकोटीले दुई हजार १७३ मत प्राप्त गरी विजयी हुनुभएको जानकारी दिनुभयो। डिल्लीराम सुवेदीले एक हजार ८५२, देवेन्द्रराज कँडेलले एक हजार ३८१, राजीव ढुङ्गानाले एक हजार २३२, विकास कोइरालाले एक हजार १४४, अमृत अर्यालले ९२१, रमेशप्रसाद धमलाले ७८० र विमलराज क्षेत्रीले २८३ मत प्राप्त गर्नुभयो।

**महिला सहमहामन्त्रीमा गौतम विजयी**

महिला सहमहामन्त्री पदमा प्रतिमा गौतम विजयी हुनुभएको छ। महिला सहमहामन्त्री एक पदका लागि भएको निर्वाचनमा गौतमले पाँच हजार ११६ मत प्राप्त गरी विजयी हुनुभएको हो। उहाँको प्रतिस्पर्धी नानु बाँस्तोलाले एक हजार ५५४ मत प्राप्त गर्नुभयो।

**कांग्रेस महिला खुला केन्द्रीय सदस्यमा १५ जना निर्वाचित**

महिला खुलातर्फ १५ जना केन्द्रीय सदस्य निर्वाचित हुनुभएको छ। निर्वाचन समितिले दिएको जानकारीअनुसार वासना थापा सर्वाधिक पाँच हजार १९३ मत प्राप्त गर्दै पहिलो स्थानमा निर्वाचित हुनुभएको हो।

उर्मिला थपलियाले तीन हजार ९७०, निमा गिरीले तीन हजार ९०६, कुसुमदेवी थापाले तीन हजार २५०, धनाकुमारी खतिवडाले तीन हजार २३१ मत ल्याएर विजयी हुनुभएको छ। यसैगरी, विनिता खड्का, अनिता देवकोटा, रीता सेन ओली, सृजना अधिकारी, मुना भुसाल, गीता सत्याल, कल्पना तिवारी, रीता थापामगर, गङ्गा दाहाल र उमा दाहाल विजयी हुनुभएको निर्वाचन समितिले जनाएको छ।

महिला खुलातर्फको १५ सदस्यीय समूहमा निर्वाचित हुनका लागि ३६ उम्मेदवार हरूबीच प्रतिस्पर्धा भएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवा सदन हो। - लियो टोल्सटोय

## सम्पादकीय

# सत्तारुढ सांसदलाई कानुन लाग्दैन ?

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद खगेन्द्र सुनारको भनिएको एउटा अडियोमा समाजकै लागि अपाच्य शब्दहरू अनेक पटक सुनिन्छ । सांसदको गरिमा र मर्यादामा आँच पुऱ्याउने गरि सोमबार सार्वजनिक भएको सो अडियोको सम्बन्धमा सरकारले कुनै प्रतिक्रिया दिएको छैन ।सरकारले सत्तारूढ सांसदको हकमा नदेखेको, नसुनेको जस्तो गरेको छ। पुराना राजनीतिक दल संबद्ध नेता र सांसद माथि स्वतस्फूर्त सक्रिय हुने सरकार सत्तारूढ नेता र सांसदका बारेमा मौन देखिनु विडम्बना हो।कानुन सबैका लागि बराबर भन्ने तर व्यवहारमा नदेखिदा सामाजिक संजालमा भने धेरैजसोले कानुन सबैका लागि समान हुनुपर्ने तर्क गरिरहेका छन् । दलित अभियन्ताको पृष्ठभूमि बनाएका सांसद खगेन्द्रले उक्त अडियोमा महिलामाथि क्रुर एवं आपत्तिजनक शब्द प्रयोग गरेको सुनिन्छ । सार्वजनिक भएको अडियोको सन्दर्भमा रास्वपाले छानबिन गर्ने भएको छ ।

महामन्त्री विपिन कुमार आचार्यले मंगलबार एक विज्ञप्ति जारी गर्दै केन्द्रीय अनुशासन आयोगलाई आन्तरिक छानबिन प्रक्रिया अगाडि निर्देशन दिएको जनाएका छन् । खगेन्द्रलाई उनको पार्टीले पदीय हैसियतले कुनै पनि औपचारिक कार्यक्रममा सहभागी हुन रोक लगाएको छ । 'यस विषयको सत्यतथ्य अन्वेषण गर्न पार्टीको केन्द्रीय अनुशासन आयोगलाई तत्काल आन्तरिक छानबिन प्रक्रिया अगाडि बढाउन निर्देशन दिइसकिएको छ । अनुसन्धान प्रक्रिया प्रभावित नहोस् र पदीय नैतिकता कायम रहोस् भन्नका खातिर उक्त छानबिन निष्कर्षमा नपुग्दासम्मका लागि उहाँलाई सार्वजनिक पदको हैसियतमा कुनै पनि औपचारिक कार्यक्रममा सहभागी नहुन निर्देशन दिइन्छ', विज्ञप्तिमा भनिएको छ । पार्टीको निर्देशन लगत्तै अनुशासन आयोगले सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा आएका विषयमा २४ घण्टाभित्र स्पष्टीकरण दिन सांसद खगेन्द्रलाई पत्र पठाएको छ । उनको स्पष्टीकरण आएपछि बाँकी प्रक्रिया अगाडि बढाउने जनाएको छ। विवादास्पद अडियो प्रकरणलाई लिएर कारबाही गर्न पार्टी र सरकारमाथि चौतर्फी दबाब बढिरहेको बेला खगेन्द्रले भिडियोमार्फत प्रष्टिकरण दिएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत भिडियो सार्वजनिक गर्दै उनले आफूविरुद्ध सुनियोजित रूपमा चरित्र हत्या गर्ने षड्यन्त्र भइरहेको दाबी गरेका छन् । संसद्को सार्वजनिक लेखा समितिमा नेपाल प्रहरीभित्रको अनियमितता र भ्रष्टाचारविरुद्ध प्रश्न उठाएका कारण आफूलाई विभिन्न आरोप लगाएर घेराबन्दी गरिएको खगेन्द्रको जिकिर छ । उनले उक्त अडियो आफ्नो नभएको र कुनै काल्पनिक पात्र खडा गरी प्रविधि वा कृत्रिम बौद्धिकता (एआई) को प्रयोगमार्फत जोडेर प्रचार गरिएको दाबी गरेका छन् । नेपालमा आरोपितले एआई लाई दोष दिएर पन्छाउने हतियार पाएका छन।जबकि खगेन्द्र सुनारको विगत र उनका अभिव्यक्तिले पन्छाउन मिल्दैन ।

राजनीतिमा आउनुअघि पत्रकारिता गर्ने खगेन्द्रको विगत पनि विवादित देखिन्छ । खगेन्द्रविरुद्ध ३ वटा मुद्दा अदालतमा विचाराधीन छन् । दैलेखको नारायण नगरपालिका वडा नम्बर-२ स्थित भैसेखोर घर भएका सुनार यसअघि ३ वटा फौजदारी मुद्दामा संलग्न रहेको प्रहरीको सीआरएस रेकर्डमा देखिन्छ । जेनजी आन्दोलनपछि सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषदमा खगेन्द्रलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनाउने तयारी अन्तिम चरणमा थियो । मन्त्री बन्ने सूचीमा उनको नाम सार्वजनिक भएसँगै सार्वजनिक रूपमै उनको विगतलाई लिएर विरोध सुरु भयो । शपथ लिन जानेबेला अदालतमा मुद्दा विचाराधीन भएको तथ्याङ्क भेटिएपछि उनले मन्त्री पद गुमाए । २०८१ असार ७ मा खगेन्द्रले सुर्खेतस्थित मेहेलकुना अस्पतालमा तोडफोड गरेर स्वास्थ्यकर्मीमाथि हातपात गरेका थिए । अस्पताल प्रमुख डा. सोजन सापकोटाले दिएको जाहेरीअनुसार प्रहरीले अनुसन्धान गरेर अदालतमा पेस गरेको मुद्दा अहिले विचाराधीन छ । २०८१ असार १४ मा दायर भएको मुद्दामा अदालतले खगेन्द्रलाई '३५ दिने पुर्जी तामेल गरेर उपस्थित गराउनू' भदै जिल्ला प्रहरी कार्यालय दैलेखमा पत्राचार गरेको थियो । खगेन्द्र अदालतमा हाजिर भए, तर मुद्दा टुङ्गिएको छैन ।

सुर्खेत प्रहरीले २०८० असार ३ मा खगेन्द्रविरुद्ध सार्वजनिक शान्ति विरुद्धको कसुरमा मुद्दा चलाएको थियो । त्यसबेला उनी जिल्ला प्रशासन कार्यालय सुर्खेतमा २० हजार धरौटी बुझाएर छुटेका हुन् । खगेन्द्रविरुद्ध काभ्रे जिल्ला अदालतमा विद्युतीय (ईलेक्ट्रिक) कारोबार सम्बन्धी कसुरको मुद्दा पनि विचाराधीन छ । मनिषा गौतमले दिएको जाहेरीको आधारमा प्रहरीले उनलाई मुद्दा चलाएको थियो । काभ्रे जिल्ला अदालतबाट जारी भएको ७ दिने र ३५ दिने पक्राउ पुर्जी तामेल गरेर पठाउन २०८२ साउन ५ मा अदालतले जिल्ला प्रहरी कार्यालय दैलेखलाई पत्राचार गरेको थियो । २०८२ कात्तिक १३ मा खगेन्द्रले काभ्रे जिल्ला अदालतमा उपस्थित भएर बयान दिएका थिए । विगत नहेरी भाइरल हुनेलाई टिकट दिने राजनीतिक दलले गल्ती गर्दा कार्वाही गर्न डराउने हो भने भोलि पार्टी नै डनको हातमा पुग्छाकाल पल्किन नदिन पनि समयमै राजनीतिक र सामाजिक अपराधमा लाग्नेलाइ सांसद पद होइन भन्ने सन्देश दिनु जरुरी छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : शारीरिक झमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# विद्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
तनहुँ, २७ असोज

तनहुँ जलविद्युत् आयोजनाको सामुदायिक विकास कार्यक्रमअन्तर्गत आयोजनाको आर्थिक सहयोगमा ऋषिङ गाउँपालिका-१, गैराखुदीस्थित दीपक माध्यमिक विद्यालयको नयाँ भवन निर्माण भइरहेको छ ।

शौचालय सुविधासहितको दुईतले विद्यालय भवनमा छ वटा कक्षाकोठा रहनेछन् । भवन निर्माणका लागि गत असार २६ गते व्यास-२, दमौली, तनहुँस्थित बेलु निर्माण सेवासँग ठेक्का सम्झौता गरिएको थियो । सम्झौताको कूल रकम रु एक करोड २० लाख ६८ हजार ७२३ रहेको छ । विसं २०८४ पुस २५ गतेभित्र सम्पन्न गर्ने गरी निर्माण अवधि तोकिएको तनहुँ जलविद्युत आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

नयाँ विद्यालय भवन नेपाल सरकारका विद्यालय भवनसम्बन्धी प्रचलित मापदण्ड, डिजाइन तथा प्राविधिक विशिष्टताअनुसार निर्माण गरिनेछ । भवनले विद्यार्थीहरूका लागि सुरक्षित, विपद्-प्रतिरोधी तथा गुणस्तरीय सिकाइ वातावरण उपलब्ध गराउन सहयोग गर्ने अपेक्षा गरिएको छ । यस पहलले आयोजनाको प्रभाव क्षेत्रभित्र सामाजिक पूर्वाधार सुधार तथा दिगो सामुदायिक विकासमा योगदान पुर्याउने आयोजनाको प्रतिबद्धतालाई प्रतिबिम्बित गरेको भण्डारीको भनाइ छ ।

भवन निर्माण सम्पन्न भएपछि आयोजना प्रभावित समुदायका विद्यार्थीका लागि थप व्यवस्थित तथा गुणस्तरीय शैक्षिक पूर्वाधार उपलब्ध हुनेछ । यसबाट अनुकूल सिकाइ वातावरण सिर्जना हुनुका साथै आसपासका समुदायको दीर्घकालीन शैक्षिक तथा सामाजिक-आर्थिक विकासमा योगदान पुग्ने विद्यालयका प्रधानाध्यापक टेकबहादुर थापाले बताउनुभयो ।

आयोजनाको आर्थिक सहयोगमा यसअघि व्यास नगरपालिका-५, बेनीपाटनस्थित पराशर माध्यमिक विद्यालय तथा भीमाद नगरपालिका-५, ऋषिङपाटनस्थित दीपक माध्यमिक विद्यालयका भवन निर्माण गरिएका छन् । सामुदायिक विकास कार्यक्रमअन्तर्गत आयोजनाको आर्थिक सहयोगमा शिक्षा, स्वास्थ्य, खानेपानी तथा पूर्वाधारलगायतका क्षेत्रमा हालसम्म ९८ वटा योजना सम्पन्न भएका छन् भने नौ वटा योजना निर्माणाधीन कार्यान्वयनको क्रममा रहेका छन् ।

# जयन्ती माबि आवासीयमा रुपान्तरण

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असोज

म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीमा सामुदायिक विद्यालयलाई आवासीय रुपमा सञ्चालन गर्न थालिएको छ ।

भकिम्लीमा रहेको जयन्ती माविलाई समुदायको अगुवाइ, सक्रियता र बेनी नगरपालिकाको सहयोगमा आवासीयमा रुपान्तरण गरिएको हो । जयन्ती माविका प्राधानाध्यापक मनबहादुर पुनले अपायक पर्ने टोल, विपन्न र अनाथ बालबालिकालाई छात्रावास सञ्चालन गरेर आवासीय सुविधा दिन थालिएको बताउनुभयो ।

कमजोर विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्नु पनि आवासीय विद्यालय सञ्चालन गर्नुको अर्को उद्देश्य रहेको उहाँले बताउनुभयो । "अभिभावक नभएका, पारिवारिक समस्यामा परेका र विपन्न समुदायका बालबालिकालाई निशूल्क खाने, बस्ने ब्यवस्थासहित छात्रावास सञ्चालन गरेका हौं," प्रअ पुनले भन्नुभयो, "नयाँ शैक्षिक सत्रदेखि सुरु भएको छात्रावास र आवासीय सुविधा नगरपालिकाले सिफारिस गरेका अन्य वडाका बालबालिकालाई पनि दिने व्यवस्था मिलाइएको छ ।" विद्यालय भवनको भुई तलाको दुई वटा कोठालाई छात्र र छात्राहरूको लागि फरक फरक



आवासको व्यवस्था मिलाइएको छ । हाल दुई जना छात्रासहित आठ जना छात्रावासमा बस्ने गरेका छन् । विद्यालय वरपरका इच्छुक विद्यार्थीहरूलाई लक्षित गरेर बिहान ६:०० देखि साँझ ६:०० बजेसम्म अतिरिक्त कक्षा सञ्चालन तथा दिवा छात्रावास सञ्चाल गरिएको प्रअ पुनले बताउनुभयो । दिवा छात्रावासमा ३० जना विद्यार्थी छन् । छात्रावासमा बस्न थालेपछि दैनिक दुई घण्टा पैदल हिँडेर घरबाट विद्यालय जानुपर्ने समस्या हटेको बेनी नगरपालिका-३ हल्लेगौडाकी अस्मी घर्तीमगरले बताउनुभयो । अस्मी जयन्ति माविको कक्षा ८ का छात्रा हुनुहन्छ । कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा कूल विद्यार्थी सङ्ख्या एक सय २१ जना छन् । छात्रावासमा बस्ने विपन्न विद्यार्थीका लागि खाने, बस्ने सहित पोशाक, सरसफाइ सामग्री, झोला, कापी कलम पनि निःशुल्क उपलब्ध गराइएको प्रअ पुनले बताउनुभयो । दुई जना शिक्षकलाई अतिरिक्त सुविधा दिएर छात्रावास व्यवस्थापनको जिम्मेवारी दिइएको छ ।

विद्यालय नजिक घर भएका शिक्षकहरूले आलोपालो गरेर छात्रावासका विद्यार्थीलाई पढाउने गर्नुभएको छ । हालसम्म समुदायस्तरमा सहयोग जुटाएर एक जना भान्छेको तलब, खाद्यान्न र तरकारीको व्यवस्थापन गरिएको छ । छात्रावास र दिवा खाजाका लागि एक वटा प्लास्टिक घर बनाएर तरकारीखेती पनि गरिएको शिक्षक डेक घर्तीले बताउनुभयो । बेनी नगरपालिकाले जयन्ती माविलाई आवासीय विद्यालयको रुपमा सञ्चालनका लागि निरन्तरता दिने योजना बनाएको छ । बेनी नगरपालिका-३ का वडाध्यक्ष पदम पुनले जयन्ती माविको छात्रावास सञ्चालन र व्यवस्थापनका लागि नगरपालिकाले यस आर्थिक वर्ष २०८३/०८४ मा रु सात लाख विनियोजन गरेको जानकारी दिनुभयो ।

# घटस्थापनादेखि एक लाख नौ हजारभन्दा बढीले छाडे

रासस
काठमाडौं, २७ असोज

हिन्दुहरूको महान् पर्व बडादसैं मनाउन काठमाडौं उपत्यकाबाट आफ्नो घर फर्किने यात्रुको चाप दिनहुँ बढ्दै गएको छ ।

घटस्थापनादेखि आजसम्म एक लाख नौ हजार ६३६ जनाले काठमाडौं उपत्यका छाडेका छन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार घटस्थापनादेखि आजसम्म १७ हजार १३९ वटा सवारीसाधनमार्फत एक लाख नौ हजार ६३६ जना उपत्यकाबाट बाहिरिएका हुन् । दसैं नजिकिँदै जाँदा अध्ययन, रोजगारी तथा विभिन्न पेसा-व्यवसायका सिलसिलामा काठमाडौं उपत्यकामा बसोबास गर्दै आएका नागरिकहरू आफ्नो जन्मथलो फर्किन थालेपछि उपत्यकाका प्रमुख नाकामा यात्रुको चहलपहलसहित चाप बढेको हो । उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार उपत्यका छाड्ने यात्रुमध्ये ४१ हजार ९४६ जना महिला र ६७ हजार ६९० जना पुरुष रहेका छन् । दसैं मनाउन घर फर्किने क्रमसँगै लामो तथा छोटो दूरीका सार्वजनिक सवारीसाधनमा यात्रुको चाप बढ्दै गएको उहाँले बताउनुभयो । दसैं मनाउन उपत्यका छाड्ने यात्रुको सङ्ख्या बढेसँगै काठमाडौं उपत्यकाका प्रमुख नाकामा सवारीसाधनको आवागमन बाक्लिएको छ । विभिन्न जिल्लातर्फ जाने यात्रु सार्वजनिक बस तथा अन्य सवारीसाधनमार्फत गन्तव्यतर्फ प्रस्थान गरिरहेका छन् । उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार नागढुङ्गा, फर्पिङ, थानकोट, भीमढुङ्गा, तीनपिप्ले, साँखु, भक्तपुर र भट्टेडाँडालगायतका नाकाबाट यात्रु बाहिरिने क्रम जारी छ । यी नाकामा दसैंका लागि घर फर्किने यात्रुको चाप बढ्दै गएपछि सवारीसाधनको आवागमन व्यवस्थापनमा ट्राफिक प्रहरीले विशेष ध्यान दिएको छ । दसैंमा परिवार तथा आफन्तसँग भेटघाट गरी पर्व मनाउन उपत्यकाबाट बाहिरिनेको सङ्ख्या अझै बढ्ने अनुमान गरिएको छ । चाडपर्वका बेला सार्वजनिक यातायातमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित र सहज यात्रा गराउने चुनौती पनि थपिएको छ । दसैं, तिहारलगायत चाडपर्वका समयमा यात्रुको सुरक्षा सुनिश्चित गर्न र सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक काफ्लेले बताउनुभयो । उहाँका अनुसार यात्रुको आवागमन सहज बनाउने, सवारीसाधनको चाप व्यवस्थापन गर्ने र सम्भावित दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सडकमा निगरानी बढाएको छ । "यात्रुको सुरक्षा र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी चौबीसै घण्टा सडकमा खटिएको छ । हाम्रो उद्देश्य सबैको यात्रा सफल र सुरक्षित होस् भन्ने हो", उहाँले भन्नुभयो ।

चाडपर्वका समयमा लामो दूरीको यात्रा गर्ने यात्रुले सवारीसाधनको अवस्था, चालकको स्वास्थ्य तथा सवारी चलाउने समयजस्ता विषयमा विशेष ध्यान दिनुपर्ने तथा यात्रु र सवारी चालक दुवैले सावधानी अपनाउँदा सम्भावित दुर्घटना कम गर्न सकिने उहाँको भनाइ छ ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट गलकोट नगरपालिका वडा नं. ३ साविक हटिया गा.वि.स. वडा नं. २ निवासी भारतिय भू.पू. सै.नं. JC६२९८६१W पल्टन १ / ९ गोर्खा राईफलका सुवेदार भविन्द्र बहादुर कार्की नागरिकता प्रमाण पत्रको नाम थर भविन्द्र बहादुर बोहोरा कार्कीको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नाम थर पदम कुमारी वोहरा कार्की (Padam Kumari Bohara Karki) भएको साथै पतिको भारतिय पेन्सन सम्बन्धि कागजातहरुमा श्रीमतीको नाम थर पदम कुमारी कार्की (Padam Kumari Karki) भई नाम थर फरक फरक भएतापनि व्यक्ति एउटै भएको भनी गलकोट नगरपालिका, ३ नं. वडा कार्यालयको चलानी नं. ३७५, मिति २०८३/०६/२२ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा यस जिल्लास्थित साविक बनौं गा.वि.स. वडा नं. १ हाल जलजला गाउँपालिका वडा नं. ९ बस्ने भारतीय सेनाका १७ आसाम राईफल भु.पु.नं १७३०६३ का राईफल मेन/कुक गोर बहादुर पुनको श्रीमती देवु पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नाथमर देवु पुन उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर देवी कुमारी उल्लेख भई नामथर फरक भएता पनि दुई नामथर भएको व्यक्ति एउटै भएको भनी जलजला गाउँपालिका ९ नं. वडा कार्यालय, पर्वतको च.नं. ११९ मिति २०८३।०६।१९ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**

# ओमानलाई हराउँदै नेपाल लगातार दोस्रो जित निकाल्न सफल

रासस
काठमाडौं, २७ असोज

आइसिसी क्रिकेट विश्वकप लिग-२ शृखलाअन्तर्गत नेपालले ओमानलाई ११३ रनले पराजित गरेको छ । जारी शृत्र लामा नेपालको यो लगातार दोस्रो जित हो ।

नेपालले पहिलो खेलमा क्यानडालाई २४ रनले हराएको थियो । ओमानको अल अमेरतस्थित क्रिकेट ग्राउन्ड मिनिस्ट्री टर्फ-१ मा टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २६३ रन बनाएको थियो ।

नेपालका पूर्वकप्तान रोहितकुमार पौडेलले सर्वाधिक ६१ रन बनाए। उनले ६७ बलमा तीन चौका र एक छक्का प्रहार गरे। करण केसीले १६ बलमा चार छक्का र एक चौकासहित ४० रन बनाए । अर्जुन कुमालले ४०, ईशान पाण्डे र बसिर अहमदले समान ३७, दीपेन्द्रसिंह ऐरीले २२ तथा सन्दीप जोराले १० रन जोडे।ओमानका साह फैसल, शाकिल अहमद र करण सोनावालेले समान दुई विकेट लिए । दुई सय ६४ रनको लक्ष्य पछ्याएको ओमान ४० ओभरमा १५० रनमै समेटियो। ओमानका कप्तान विनायक शुक्लाले ८३ बलमा छ चौका र एक छक्कासहित ७७ रन बनाए । जय ओडेराले २५ र जतिन्दर सिंहले १८ रन जोडे। ओमानका अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

नेपालका कप्तान सन्दीप लामिछाने र नन्दन यादवले समान तीन विकेट लिए। दीपेन्द्रसिंह ऐरीले दुई तथा करण केसी र ललित राजवंशीले समान एक विकेट लिए । नेपालले जारी शृत्र लामा अब शनिबार क्यानडासँग खेल्नेछ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला बिरुवा गाउँपालिका वडा नं. ०५ निवासी भारतीय भु.पु. सैनिक नं. ५०४१६२१ H NK/TS का कुल बहादुर थापाको श्रीमती ना.प्र.नं. ७३३१ की कुस्मा कुमारी थापाको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर कुस्मा कुमारी थापा, जन्ममिति वि.सं. २०१८।०४।२७ भएको साथै निजको पतिको भारतीय सैनिक पेन्सन अभिलेखमा नामथर कुश कुमारी, जन्ममिति ई.सं. (1963-03-30) वि.सं. २०१९।१२।१७ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०५ नं वडा कार्यालयको च.नं. १५६, मिति २०८३।०६।०६ को पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

# मुस्ताङबाट हालसम्म ३० प्रतिशतमात्र स्याउ निकासी

पोखरापत्र संवाददाता
मुस्ताङ, २७ असोज



हालसम्म मुस्ताङमा उत्पादित ३० प्रतिशतमात्रै स्याउ जिल्ला बाहिर निकासी भएको छ।

असोज ११ गतेको भारी वर्षाका कारण बाढीपहिरो र नदी कटानले बेनी–जोमसोम सडक दुई सातासम्म अवरुद्ध हुँदा स्याउ निकासी प्रभावित भएको हो।

सडक अवरुद्ध भएपछि यहाँ उत्पादित स्याउ गत वर्षको यसै समयको तुलनामा ज्यादै कम निकासी भएको छ। उक्त सडक सञ्चालन भएसँगै स्याउ बजार पठाउन थालिएको छ।

यस वर्ष स्याउ उत्पादन राम्रो भए पनि सडक अवरुद्धका कारण व्यापारी र किसानलाई बिक्री तथा व्यवस्थापनमा समस्या परेको कृषि तथा पशु विकास शाखा मुस्ताङका प्रमुख डा लालमणि अर्यालले बताउनुभयो। अहिलेसम्म ७० प्रतिशत बजारमा पठाइसक्नुपर्नेमा ३० प्रतिशतमात्रै स्याउ जिल्ला बाहिर निकासी भएको उहाँले बताउनुभयो। यहाँ उत्पादित स्याउमध्ये १० प्रतिशत मुस्ताङमै खपत हुने गरेको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम मुस्ताङका प्रमुख भरत गौतमका अनुसार यस वर्ष १० हजार मेट्रिक टन स्याउ उत्पादन भएको अनुमान छ। गत वर्ष सात हजार मेट्रिक टन उत्पादन भएको थियो। उत्पादन वृद्धि भएकाले यस वर्ष झन्डै रु दुई अर्बको स्याउ बिक्री हुने उहाँको अनुमान छ। भारी वर्षाले अवरुद्ध बेनी–जोमसोम सडक मर्मतपछि सडक सञ्चालन भए पनि उक्त सडक पूर्ण रुपमा सहज भने अझै भइसकेको छैन। तर, यहाँका किसानले बजारमा स्याउको बिक्री गर्ने याम घर्किन लागेको हुँदा अहिले धमाधम स्याउ टिपेर बजार पठाउन थालेका छन्।

मुस्ताङमा उत्पादित स्याउ हरितालिका तीजदेखि बडादसैँसम्म बजारमा बढी खपत हुन्छ। तर यसपालि बेनी-जोमसोम सडक लामो समयसम्म अवरुद्ध हुँदा मुस्ताङका किसान तथा स्याउ व्यापारीले यहाँ उत्पादित स्याउ बजार पठाउन सकेनन्।

सडक सञ्चालन भएसँगै मुस्ताङका पाँचै स्थानीय तहमा उत्पादन भएको स्याउ धमाधम बिक्रीका लागि बजार पठाउन सुरु गरिएको छ। मुस्ताङको घरपझोङ-५ ढुम्बास्थित चिम्ले अचार्ड कृषि फार्मका व्यवस्थापक आइतराम तामाङका अनुसार बेनी-जोमसोम अवरुद्ध सडक सञ्चालन भएको दुई दिनमा छ ट्रक स्याउ काठमाडौँ पठाएको जानकारी दिनुभयो। उहाँका अनुसार ३० प्रतिशतमात्रै स्याउ बजार पठाउन सकिएको छ। जिल्लास्तरीय बोर्ड निर्णयअनुसार छिटो पाक्ने स्याउ भदौ १५ गते र ढिलो पाक्ने स्याउ भदौ २२ गते बगैँचाबाट टिप्न सक्ने व्यवस्था गरिएको थियो।

# संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न निःशुल्क एम्बुलेन्स सेवा

पोखरापत्र संवाददाता
वालिङ, २७ असोज



स्याङ्जाका हरिनास गाउँपालिकाले संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्न निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षको साउनदेखि लागू हुनेगरी गर्भवतीलाई अस्पतालसम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको हो। गर्भवतीलाई सहजरुपमा अस्पतालसम्म पुऱ्याएर सुरक्षित रुपमा सुत्केरी गराउनका लागि एम्बुलेन्स सेवा उपलब्ध गराउन सुरु गरेको गाउँपालिकाका सूचना अधिकारी एवम् स्वास्थ्य शाखा प्रमुख विदुर सिग्देलले जानकारी दिनुभयो।

सुरक्षित तथा संस्थागत सुत्केरी गराउन प्रोत्साहन गर्ने, मातृशिशु मृत्युदरलाई शून्यमा झार्ने र घरमै हुने सुत्केरीको दरलाई शून्यमा पुऱ्याउने उद्देश्य राखिएको उहाँले बताउनुभयो।

"गाउँघरमा आवश्यक परेका जुनसुकै बेला सवार ासाधन उपलब्ध नहुन सक्छन्, कतिपयलाई अस्पतालसम्म पुग्न सवारीसाधनको पहुँच नहुन पनि सक्छ", उहाँले भन्नुभयो, "गर्भवतीलाई छिटो छरितो र सहजरुपमा अस्पतालसम्म पुऱ्याएर सुरक्षितरुपमा सुत्केरी बनाउन एम्बुलेन्स सेवाले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं।" हरिनास गाउँपालिका ग्रामीण र विकटमा रहेको गाउँपालिका हो। गर्भवती तथा सुत्केरीलाई लक्षित गरी गाउँपालिकाका तीन वटा स्वास्थ्य चौकीमा 'बर्थिङ सेन्टर' सञ्चालनमा छन्। वडा नं ३ को मय्याम चिसापानीस्थित मय्याम चिसापानी स्वास्थ्य चौकी, वडा नं ४ को चित्रेभञ्ज्याङमा रहेको चित्रेभञ्ज्याङ स्वास्थ्य चौकी र वडा नं ६ को क्याक्मीमा अवस्थित क्याक्मी स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनमा छ। "घरबाट बर्थिङ सेन्टरसम्म सहज रुपमा पुऱ्याउन पालिकाले निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन सुरु गरेको हो", उहाँले भन्नुभयो, "गर्भवती तथा सुत्केरीलाई नेपाल सरकारले रु दुई हजार उपलब्ध गराउँदै आएको छ।" हरिनाश गाउँपालिकामा हालसम्म एउटा आयुर्वेद औषधालयसहित कुल १० वटा स्वास्थ्य चौकी रहेका छन्। स्थानीयको स्वास्थ्य सेवालाई मध्यनजर गर्दै अस्पतालको भवन निर्माण भइरहेको छ।

गर्भवती तथा सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन चालु आर्थिक वर्षमा रु नौ लाख बजेट विनियोजन गरिएको छ। हरिनास गाउँपालिकाभित्र हाल मय्याम चिसापानी स्वास्थ्य चौकीको र अर्को एक स्थानीय संस्थाको गरी दुई वटा एम्बुलेन्स सञ्चालनमा छ।

# बाढीमा सम्पर्कविहीन प्राधिकरणका कर्मचारी परिवारलाई राहत रकम

रासस
काठमाडौं, २७ असोज

गत भदौ १० गते रसुवा र नुवाकोटस्थित भोटेकोशीमा आएको बाढीका कारण सम्पर्कविहीन हुनुभएका नेपाल विद्युत् प्राधिकरणका कर्मचारीका परिवारलाई तत्कालको राहत रकम प्रदान गर्न थालिएको छ।

बाढीका कारण प्राधिकरणमा कार्यरत ४७ जना कर्मचारी सम्पर्कविहीन हुनुभएको थियो। जसमध्ये छ जनाको परिवारलाई तत्कालको राहत प्रदान गरिएको हो। सम्पर्कविहीन कर्मचारीका आश्रित परिवारलाई जनही रु पाँच लाख र छ महिनासम्म कार्यरत पदको सुरु तलबको आधा रकम उपलब्ध गराउने प्राधिकरण सञ्चालक समितिले निर्णय गरेको थियो। उक्त निर्णयअनुसार आवश्यक आधार र प्रमाणसहित निवेदन दिएका छ जना हकवालाले राहत रकम प्राप्त गरिसक्नुभएको छ। राहत पाउन बाँकी रहेका अन्य हकवालालाई आवश्यक कागजातसहित प्राधिकरणमा निवेदन दिनसमेत आग्रह गरिएको छ।

प्राधिकरणका अनुसार राहत रकम प्राप्त गर्न सम्पर्कविहीन कर्मचारी र निवेदकबीचको नाता प्रमाणित हुने प्रमाणपत्र, हकवालाको नागरिकता प्रमाणपत्र तथा नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ। साथै, आफू नजिकको हकवाला भएको खुल्ने स्थानीय तहको सिफारिसपत्र, बैंक खाता नम्बर र राहत उपलब्ध गराइदिन अनुरोध गरिएको निवेदनसमेत बुझाउनुपर्नेछ। प्राधिकरणको विनियमावली तथा सरकारले घोषणा गर्ने राहत प्याकेजअनुसार आगामी दिनमा अन्य सहयोग हुने प्राधिकरणले जनाएको छ।

# घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरणले सहज

पोखरापत्र संवाददाता
दमौली, २७ असोज

तनहुँको आँबुखैरेनी गाउँपालिकाले दसैँको मुखमा सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीलाई घरदैलोमै पुगेर भत्ता वितरण गर्नुका साथै स्वास्थ्य सेवा प्रदान गरेको छ।

'जहाँ हाम्रा नागरिक, त्यही हाम्रो कार्यालय, त्यही हाम्रो सेवा' भन्ने नारासहित गाउँपालिकाले घरदैलोबाटै सामाजिक सुरक्षा भत्ता वितरणसँगै सामान्य स्वास्थ्य जाँच तथा स्वास्थ्य परामर्श सेवा प्रदान गरेको हो।

गाउँपालिकाले चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अर्थात् साउनदेखि असोजसम्मको सामाजिक सुरक्षा भत्ता वितरणका लागि एकीकृत घुम्ती सेवा सञ्चालन गरेको छ। कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक, ज्येष्ठ दलित नागरिक, ज्येष्ठ एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका व्यक्ति, अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा पाँच वर्षमुनिका दलित बालबालिकालाई लक्षित गरिएको प्रमुख प्रशासकीय अधिकृत विकासचन्द्र शर्माले बताउनुभयो। बैंकसम्म पुग्न कठिनाइ हुने ज्येष्ठ नागरिक तथा अशक्त लाभग्राहीलाई सहज सेवा उपलब्ध गराउने उद्देश्यले टोलटोलमै पुगेर भत्ता वितरण तथा स्वास्थ्य सेवा प्रदान गरिएको उहाँले बताउनुभयो। भत्ता वितरणसँगै सामान्य स्वास्थ्य जाँच र स्वास्थ्य परामर्श उपलब्ध गराउँदा लाभग्राहीलाई स्थानीयस्तरमै सेवा लिन सहज भएको छ। गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि यही असोज २२ देखि २९ गतेसम्म विभिन्न वडाका टोलमा सेवा सञ्चालन गर्ने समय तालिका सार्वजनिक गरेको छ। वडा नम्बर १ मा देवीडाँडा आमासमूह भवन (तिलडाँडा)मा सोमबार सेवा प्रदान गरिएको छ भने समस्तीपुर (चौतारा) मा आज सेवा प्रदान गरिनेछ।

वडा नं २ का एक्लेफाँटमा असोज २३ गते सेवा प्रदान गरिएको थियो भने तिलबारी, नयाँगाउँ, डुम्रीखर्कमा सोमबार सेवा प्रदान गरिएको छ। ढापटार, नारीघाट, खानीखोला, ढकालटार, अदुवाखर्क, घोक्रिङखर्क र सहकारी टोलमा असोज २७, २८ र २९ गते सेवा उपलब्ध गराइनेछ। गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि प्रभु बैंक लिमिटेडको बराही शाखा तथा प्राइम कमर्सियल बैंक, कुमारी बैंक, एनएमबी बैंक र ज्योति विकास बैंकका आँबुखैरेनी शाखासँग समन्वय गरेको छ।

आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ज्येष्ठ नागरिक तथा अशक्त लाभग्राहीलाई सहज र सरल रुपमा सेवा उपलब्ध गराउने उद्देश्यले घरदैलोमै पुगेर भत्ता वितरण तथा स्वास्थ्य सेवा प्रदान गरिएको बताउनुभयो।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकले सेवा लिन अनावश्यक दुःख र झन्झट व्होर्नु नपरोस् भन्ने उद्देश्यले एकीकृत घुम्ती सेवा सञ्चालन गरिएको उहाँको भनाइ छ।

"नागरिकलाई सेवा लिन कार्यालय वा बैंकसम्म धाउनुपर्ने अवस्था कम गर्दै स्थानीय सरकार आफैं नागरिकको घरदैलोसम्म पुग्नुपर्छ भन्ने हाम्रो मान्यता हो", उहाँले भन्नुभयो।

# घटस्थापनासँगै घन्किने नगरा हराउँदै गएपछि ...

पोखरापत्र संवाददाता
लमजुङ, २७ असोज

कुनै समय घटस्थापनासँगै लमजुङका गाउँबस्तीमा नगरा घन्किन्थ्यो। नगरा बजाउँदै घरघर पुग्ने चलनले दसैं आएको सङ्केत दिन्थ्यो र गाउँमा चाडपर्वको रौनक थपिन्थ्यो। पछिल्लो समय नगरा बजाउने चलन हराउँदै जाँदा दसैँसँग जोडिएको पुरानो सांस्कृतिक परम्परा नै सङ्कटमा पर्न थालेको छ।

लमजुङको सदरमुकाम बेँसीसहर नगरपालिका-३ गाउँसहरस्थित लमजुङ दरबार परिसरमा रहेको कालिका मन्दिरमा भने घटस्थापनादेखि नगरा बजाउने परम्परा अझै कायम छ। मन्दिरका मुख्य पुजारी सोमराज बरालका अनुसार तत्कालीन दरबारसँगै कालिका मन्दिर स्थापना भएको थियो। दरबारमा सुरु भएको नगरा बजाउने परम्परा पछि गाउँबस्तीमा फैलिएको उहाँले बताउनुभयो।

मन्दिरमा घटस्थापनादेखि बिहान र बेलुका नगरा बजाइन्छ। बडादसैं, चैतेदसैं, श्रीपञ्चमी तथा न्वागी खाने दिनमा यसको विशेष महत्व रहने मुख्य पुजारी बरालले बताउनुभयो। उहाँका अनुसार दरबारमा मङ्गलधुनको लयमा नगरा बजाइने भए पनि गाउँबस्तीमा स्थानीय चलनअनुसारका फरकफरक हुने गर्दथ्यो। "पहिले नगरा बजाउन जान्ने मानिस धेरै थिए, अहिले यो सीप भएका मानिस घट्दै गएका छन्", उहाँले भन्नुभयो, "नगरा बजाउन सिक्न समय लाग्छ र बाजासमेत महँगो पर्ने भएकाले नयाँ पुस्ताको आकर्षण कम हुँदै गएको छ।"

उहाँले परम्परालाई निरन्तरता दिन युवालाई सीप सिकाउनुका साथै सरकार ास्तरबाट संरक्षणका लागि पहल गर्नुपर्नेमा जोड दिनुभयो। बेँसीसहर नगरपालिका-१ उदिपुरका स्थानीय कृष्णप्रसाद अधिकारीका अनुसार उदिपुर क्षेत्रमा अहिले नगरा बजाउन जान्ने मानिस दुई-तीन जना मात्रै बाँकी छन्।

बेँसीसहर नगरपालिका-३ बोहोराबेँसीका स्थानीय राजेन्द्र बोहोराका अनुसार केही वर्षअघिसम्म बोहोराबेँसी, बेँसी र बकुण्डे गाउँमा नगरा बजाउने टोली घरघर पुग्थ्यो। अहिले भने त्यो चलन हराउँदै गएको छ। नगरा बजाउने टोली गाउँमा देखिन छाड्नु र त्यसको आवाज सुनिन छाड्नुले दसैँको पुरानो परम्परा खण्डित बन्दै गएको उहाँको भनाइ छ। मर्स्याङ्दी गाउँपालिका-६ बाहुनडाँडाका स्थानीय लोकनाथ घिमिरेले पनि पहिले गाउँमा नगरा बजाउने चलन रहे पनि केही वर्षयता यसको आवाज सुन्न नपाइएको बताउनुभयो। "नगरा बजेको सुन्दा दसैं आएको अनुभूति हुन्थ्यो", उहाँले भन्नुभयो। बेँसीसहर नगरपालिका-३ मोतिराम परियारकाअनुसार नगरा बजाउने परम्परा परियार समुदायको सांस्कृतिक पहिचानसँग जोडिएको छ।

विगतमा दसैँका बेला घरघर पुगेर नगरा बजाउने र त्यसबापत घरधनीबाट अन्न तथा पशु काटेपछि मासु पाउने चलन रहेको उहाँले स्मरण गर्नुभयो। पुरानो पुस्ताका धेरैको निधन हुनु, उमेरका कारण कतिपयले नगरा बजाउन नसक्नु र युवापुस्ताको चासो घट्नुले परम्परा लोप हुने अवस्थामा पुगेको उहाँको भनाइ छ। गाउँसहरको कालिका मन्दिरमा नगरा बजाउने परम्परा कायम रहे पनि गाउँबस्तीमा यसको अभ्यास खुम्चिँदै गएको छ।

दसैँको आगमनसँगै जोडिएको यो सांस्कृतिक परम्परा जोगाउन नगरा बजाउने सीप नयाँ पुस्तामा हस्तान्तरण गर्नु आवश्यक छ। पुरानो पुस्ताको ज्ञान र सीपको संरक्षण गर्दै युवाको सहभागिता बढाउनसके मात्रै नगरा बजाउने परम्परालाई भावी पुस्तालाई हस्तान्तरण गर्न सकिन्छ।

# लमजुङमा ६३औं विश्व सेतो छडी सुरक्षा दिवस

पोखरापत्र संवाददाता
लमजुङ, २७ असोज

लमजुङमा दृष्टिविहीनको सुरक्षित आवागमन र ट्राफिक सचेतनामा जोड दिँदै ६३ औं विश्व सेतो छडी सुरक्षा दिवस मनाइएको छ।

मंगलबार भोटेओडारको भक्ति नमुना माविमा एक कार्यक्रमको आयोजना गरी ट्राफिक सचेतनासहित यो दिवस मनाइएको हो।

औपचारिक कार्यक्रमअघि सुन्दरबजार नगरपालिका-९, सिउँडीबारदेखि डुम्रे-बेँसीसहर सडक हुँदै भक्ति नमुना माध्यमिक विद्यालयको प्राङ्गणसम्म ऱ्याली निकालिएको थियो। विभिन्न सन्देश लेखिएका प्लेकार्ड बोकेर निस्किएका दृष्टिविहीनले करिब एक किलोमिटर सडक पार गरेका थिए। नेपाल नेत्रहीन संघको समावेशी विकासका लागि कार्य परियोजनाको सहयोग र बेँसीशहर नगरपालिकासंगको सहकार्यमा लमजुङ नेत्रहीन संघले ट्राफिक सचेतनासहितको कार्यक्रम आयोजना गरेको हो। प्रत्येक वर्ष अक्टोबर १५ मा मनाइने यो दिवस दसैँलाई मध्यनजर गर्दै लमजुङमा मंगलबार नै यो दिवस मनाइएको आयोजकले जनाएको छ।



कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै नेपाल नेत्रहीन संघ समावेशी विकासका लागि कार्य परियोजनाका पुनर्स्थापना अधिकृत प्रेम महर्जनले विश्व सेतो छडी सुरक्षा दिवस र ट्राफिक सचेतना कार्यक्रमबारे जानकारी गराएका थिए। कार्यक्रमको उद्घाटन गर्दै दोर्दी गाउँपालिका अध्यक्ष विच्छबहादुर घलेले दृष्टिविहीनसहित सबै अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न समाज र राज्य जिम्मेवार हुनुपर्ने बताए। उनीहरूलाई हेयको दृष्टिले हेर्ने प्रवृत्ति अन्त्य गर्दै शिक्षा, रोजगारी र स्वरोजगारका अवसर उपलब्ध गराउनुपर्ने उनको भनाइ थियो। अपांगता भएका व्यक्तिले आत्मसम्मानका साथ जीवनयापन गर्न सक्ने वातावरण निर्माणमा स्थानीय तहले समेत ध्यान दिनुपर्ने उनले बताए।

लमजुङनेत्रहीनसंघकाअध्यक्ष राजेन्द्र घिमिरेले कार्यक्रमको अध्यक्षता ग्रहण गर्दै सेतो छडी दृष्टिविहीनको स्वतन्त्रता, आत्मसम्मान र पहिचानको प्रतीक भएको बताए। उनले सेतो छडी लिएर सडकमा हिँड्ने व्यक्तिको सुरक्षामा सबैले ध्यान दिनुपर्ने, दृष्टिविहीनको स्वतन्त्र आवागमन सुनिश्चित गर्न सडक र सार्वजनिक सेवा सहज तथा सुरक्षित हुनुपर्ने बताए। कार्यक्रममा लमजुङ नेत्रहीन संघको भवन निर्माणका लागि जग्गादाता मोहनकृष्ण श्रेष्ठ, जग्गा प्राप्ति सहजीकरण संयोजक हरिप्रसाद अधिकारी र भविष्य निर्माण माध्यमिक विद्यालयका प्रधानाध्यापक मायानाथ अधिकारीलगायतले दृष्टिविहीनको जीवनयापन सहज बनाउन सबै पक्षको सहयोग आवश्यक रहेको बताए। उनीहरूले सडक, विद्यालय, सरकारी कार्यालय तथा सार्वजनिक सेवा प्रवाह हुने संरचना अपांगतामैत्री बनाउनुपर्नेमा जोड दिए। कार्यक्रममा सार्वजनिक यातायातमा अपांगता भएका व्यक्तिलाई दिइने ५० प्रतिशत भाडा छुट प्रभावकारी रूपमा कार्यान्वयन गर्न, रोजगारीका अवसर सुनिश्चित गर्न तथा सेतो छडी प्रयोग गर्ने व्यक्तिको सुरक्षामा ध्यान दिनुपर्ने माग उठाइएको थियो। अपांगता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ ले व्यवस्था गरेको भाडा छुट व्यवहारमा कार्यान्वयन हुनुपर्नेमा सहभागीले जोड दिएका थिए।

लमजुङ नेत्रहीन संघका अध्यक्ष राजेन्द्र घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा संघका सदस्य प्रभात घिमिरेले स्वागत मन्तव्य राखेका थिए। संघका सचिव विष्णु पोखरेलले कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा जिल्लाभरका दृष्टिविहीन, उनीहरूका सहयोगी, ट्राफिक प्रहरी र जनप्रतिनिधिको सहभागिता रहेको परियोजनाका वरिष्ठ फिल्ड सुपरभाइजर जीवन डल्लाकोटीले जानकारी दिए।